नेपाल सरकार

# सिंचाइ मन्त्रालय

## इन्जिनीयर श्री शैलेन्द्र सिंह (क.सं.नं. १९६९३९) लाई सफाइ पेश गर्ने बारेको अत्यन्त जरुरी सूचना

### गोरखापत्रमा प्रकाशित मितिः ०७४।७।१८

यस मन्त्रालय अन्तर्गत सिंचाइ विभागमा पदाधिकार रहनु भएको तपाईं इन्जिनीयर (रा.प.तृतीय, नेपाल इन्जि/एगृ इरिगेशन) शैलेन्द्र सिंह (क.सं.नं. १९६९३९) मिति २०७१।५।८ देखि ०७३।५।७ सम्म तलबी अध्ययन विदा स्वीकृत भै अध्ययनमा जानु भएकोमा विदा समाप्त भए पश्चात् मिति ०७३।५।८ देखि हालसम्म अनुपस्थित रहनु भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६१(१) को खण्ड (छ) तथा खण्ड (ज) बमोजिमको म्याद भुक्तान भईसकेको, सोही ऐनको दफा ४०ग बमोजिम अध्ययन पुरा गरेपछि सेवा गर्नु पर्ने अवधि सेवा गरेको समेत नदेखिएकोले के कति कारणले बिना सूचना ९० (नब्बे) दिनभन्दा बढी अनुपस्थित रहनु भएको हो ? साथै वैदेशिक अध्ययनमा गएकोमा अध्ययन पूरा गरेको मितिले ३० (तीस) दिन भित्र कार्यालयमा के कति कारणले हाजिर नहुनु भएको हो ? के कति कारणले अध्ययन पुरा गरेपछि सेवा गर्नु पर्ने अवधि सेवा नगर्नु भएको हो ? मनासिब कारण सहित बाटोको म्याद बाहेक १५ दिन भित्र सफाइ पेश गर्न तपाईंलाई निजामती सेवा ऐन, २०४९ को दफा ६६ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र सफाई पेश नगरेमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।